# प्रस्तुत खजुरा गाउँपालिकाको आ.व. ०७९।०८० को बजेट

यस खजुरा गाउँपालिका गाउँसभाको सभाका सभाअध्यक्ष महोदय,
गाउँसभामा उपस्थित सभा सदस्यज्यूहरू,

म खजुरा गाउँपालिकाको उपाध्यक्ष एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा (३) अनुसार प्राथमिकता प्राप्त योजनाहरू, दफा २५ बमोजिम गैरसरकारी संघ संस्था र उपभोक्ता समिति, सहकारी, सामाजिक तथा सामुदायिक संस्थाहरू संग गरिने समन्वयकारी भुमिका सोही ऐनको दफा २६ अनुसार श्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रभावको लागि साझेदारी वा संयुक्त ब्यवस्थापन गर्ने गरि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको आफ्नो आन्तरीक श्रोतका आधारमा प्राप्त रकमको अधिकतम उपयोग हुने गरि स्थानिय सरकार संचालन ऐन को दफा ७१ ले दिएको अधिकार प्रयोग गरि खजुरा गाउँपालिकाको आ.व. ०७९।०८० को बजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवको महशुस गरी रहेको छु । सभाका सभा अध्यक्षज्यू हामी दोश्रो गाउँसभाकालागी निर्वाचित भई यसै सभामा स्थानीय सरकारको प्रमुखको तर्फबाट प्रस्तुत निती तथा कार्यक्रम संबोधन हुने गरि आ.व. ०७९।०८० को बजेट ल्याएको छु । सिमित श्रोत साधनका बाउजुत बजेट अधिक्तम प्रयोग हुने छ भन्ने कल्पना गरेको छु ।

यस गाउँसभाका सभा अध्यक्षज्यू,

खजुराले अंगिकार गरेको **"हामी आफै बनाउँ हाम्रो खजुरा, आत्मनिर्भर र समृद्ध खजुरा"** भन्ने मुल नारालाई आत्मसाथ गर्दै खजुराको स्थानिय जनताको चाहाना अनुरूप विकासमा एक इट्टा थप्ने कार्य भएको छ भन्ने मुल आशयका साथ यसै सभामा गाउँपालिकाका अध्यक्षज्यूबाट प्रस्तुत गरिएको निति तथा कार्यक्रम, वडा अध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यहरू, विज्ञ समुह, हाम्रा कर्मचारीहरूबाट प्राप्त सल्लाह र रचनात्मक सुझावलाई हृदयगमन गर्दै हामीले आ.व. ०७९।०८० को बजेट यहाँहरू समक्ष ल्याएका छु । हामी विकास प्रेमी हौं संरचना विगार्ने होइन बनाउने हो विग्रेको भए सुधार गर्दै लैजाने भएकाले विगतको सरकारले गरेको राम्रा कार्यहरूलाई अनुसरण गर्दै निर्माण हुन बाँकी रहेका पूर्वाधारहरूलाई हामीले पुरा गर्ने अठोटका साथ बजेट पेश गरेको छु । आ.व. ०७९।०८० का लागि हामीले प्राप्त बजेटलाई भुगोल, जनसंख्या र वडाबाट गरिएको राजश्व अनुपातका आधारमा वडा नं.१ देखि वडा नं.८ सम्मको बजेट सम्बन्धीत वडाबाट योजना प्राप्त गरेका छौ । यसबाट सबै क्षेत्र वर्गको समानरूपमा विकास हुनेमा विश्वस्तका साथ यो बजेट पेश गरेको छु ।

खजुरा गाउँपालिकाको आ.व. ०७७।०७८ मा रू. ८८,९२,९३,१७७।६८ (अठासी करोड बयानब्वे लाख त्रियानब्वे हजार एक सय सतहत्तर पैसा अडसट्टी) आय र रू. ७३,८५,६७,४४७।३८ (त्रिहत्तर करोड पचासी लाख सतसट्टी हजार चार सय सैतालिस पैसा अडतिस) ब्यय गरि ८३।०५ प्रतिशत यथार्थ आयबाट ब्यय भएको ब्यहोरा जानकारी गराउन चाहान्छु ।

खजुरा गाउँपालिकाले आ.व. ०७८।०७९ मा चालु तर्फ ४९,३४,७२,९९२।३३ (उन्पचास करोड चौतिस लाख बहत्तर हजार नौ सय बयानब्वे पैसा तेतिस) र पुजिगत तर्फ ३६,४१,४९,५४२।१९ (छत्तिस करोड एक्चालिस लाख उन्पचास हजार पाँच सय बयालिस पैसा उन्नाइस) गरि रू. ८५,७६,२२,५३४।५२ (पचासी करोड छियात्तर लाख बाइस हजार पाँच सय चौतिस पैसा बाउन्न) कुल विनियोजित भएको बजेटमा आषाढ मसान्त सम्म विनियाजित बजेटको ७५ प्रतिशत शंसोधिन अनुमान गरिएको छ । जसमा गाउँपालिकाको सम्पूर्ण ध्यान विकासमा केन्द्रित भएको छ ।

सभाका अध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०७९।०८० को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बजेटका उद्देश्यहरू तथा प्राथमिकता प्रस्तुत गर्न चाहान्छु ।

१. युवालाई कृषि आत्मनिर्भर बनाई ब्यवसायिकरणमा मार्फत कृषि उत्पादनमा जोडदिने ।
२. कृषिको उत्पादन मार्फत बेरोजगारी समस्या समाधान तथा गरिबी निवारणमा जोड दिने ।
३. आर्थिक विकासमा जोड दिने ।
४. राजश्व श्रोत पहिचान, संकलन र परिचालनमा जोड दिने ।
५. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा जोड दिने ।
६. स्थानिय श्रोत र साधनमा आधारित भई जनसहभागितामा जोड दिने ।
७. लैंगिक समानता सामाजिक समावेशीकरणको अभिवृद्धिमा जोड दिने ।
८. दिगो विकास वातावरण संरक्षण र विपद ब्यवस्थानमा योगदान पुर्‍याउने ।
९. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्धन गर्ने ।
१०. गाउँपालिकालाई शिक्षा र स्वास्थ्यको हव क्षेत्रको रूपमा विकास गर्ने ।

बजेटका चुनौतिहरूः

१. सिमित श्रोत साधन हुनु ।
२. जनताको विकास प्रति तिव्र चाहाना ।
३. प्राकृतिक विपत तथा प्रकोप ।
४. भुमिहिन र अब्यवस्थित बसोबास ।
५. तिव्र सहरीकरणको विकास ।
६. खेति योग्य जग्गा भु-खण्डीकरण ।
७. उद्योगी/ब्यवसायीहरू गाउँपालिकामा सुचिकृत प्रति उदासिन ।

बजेटका सम्भावना ः

१. राजश्वको ब्यापक श्रोतको पहिचान
२. विकासमा जनताको सहभागिता र सहयोग ।
३. ब्यवसायिक कृषि र पशुपालनमा जोड ।
४. सीप विकास र उधमशिलताको विकास गरि प्रत्यक नागरिक उधमी बनाउनु ।
५. ब्यवसायिक र प्रविधि मैत्री शिक्षामा जोड ।
६. असल अन्तर सरकारी र सहकारीको समन्वय ।
७. लगानी कर्ताहरूसंगको समन्वय ।

सभाका अध्यक्षज्यू,

आ.व. ०७९।०८० मा संघीय सरकार, प्रदेश सरकार बाट खजुरा गाउँपालिकामा प्राप्त हुने बजेट र आन्तरिक आय देहाय बमोजिमको रकमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेटको परिधिभित्र रही योजना तथा कार्यक्रम तयार गर्ने गरि जिम्मेवारी तोकिएको थियो ।

## संघीय सरकारबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | सर्शत अनुदान | ३३,९५,००,००० (तेत्तिस करोड पन्चानब्वे लाख) |
| २. | समानिकरण अनुदान | १६,७९,००,०००(सोह्र करोड उनासी लाख) |
| ३. | राजश्व बाडफाँडबाट | ११,९५,०५००० (एघार करोड पन्चानब्वे लाख पाँच हजार) |
| ४. | विशेष अनुदान | ८०,००,०००(असी लाख) |
| ५. | समपुरक अनुदान | ७०,००,०००(सत्तरी लाख) |
| | जम्मा | ६४,१९,०५,०००(६४ करोड १९ लाख ५ हजार) |

## प्रदेश सरकारबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | सर्शत अनुदान | ८०,००,००० (असी लाख) |
| २. | समानिकरण अनुदान | ९४,४९,०००(चौरानब्वे लाख उन्पचास हजार) |
| ३. | राजश्व बाडफाँडबाट/सवारी साधन कर | ९७,९९,०००(सन्तानब्वे लाख उनानब्वे हजार) |
| ४. | राजश्व बाडफाँडबाट जग्गा रजिष्ट्रेशन | १,९४,००,०००(एक करोड चौरानब्वे लाख) |
| ५. | विशेष अनुदान | ६०,००,०००(साठी लाख) |
| ६. | समपुरक | १,५०,००,०००(एक करोड पचास लाख) |
| | जम्मा | ६,७६,३८,०००(६ करोड ७६ लाख ३८ हजार) |

## आन्तरिक श्रोतबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | आन्तरिक राजश्व | १,९०,००,००० (एक करोड नब्वे लाख) |
| २. | आ.व. ०७८।०७९ बाट बाँकी हुने रकम अ.ल्या. | ११,००,००,०००(एघार करोड) |
| | जम्मा | १२,९०,००,०००(बाह्र करोड नब्वे लाख) |
| | **कुल जम्मा** | **८३,८५,४३,०००(८३ करोड ८५ लाख ४३ हजार)** |

आ.व. ०७९।०८० को जम्मा अनुमानित रू. **८३,८५,४३,०००।- (त्रियासी करोड पचासी लाख त्रिचालिस हजार)** मा संघिय सरकारबाट सर्शत अनुदानको रू. ३३,९५,००,०००।- (तेतिस करोड पन्चानब्वे लाख) , विशेष अनुदानबाट रू. ८०,००,०००।- (८० लाख) समपुरकको रू. ७०,००,०००।- (७० लाख) को कार्यक्रम प्राप्त भई सकेको छ । त्यसै गरि प्रदेश सरकारबाट सर्शत अनुदानबाट रू. ८०,००,०००।- (८० लाख) विशेष अनुदानबाट रू. ६०,००,०००।- (६० लाख) र समपुरकको रू.१५०,००,०००।- (१ करोड ५० लाख) को कार्यक्रम प्राप्त भई सकेको छ ।

यो बाहेकको गा.पा.मा प्राप्त भएको संघिय र प्रदेश सरकारबाट प्राप्त हुने रकम र गाउँपालिकाबाट भएको अनुमानित आय गरि जम्मा रू. **८३,८५,४३,०००।- (त्रियासी करोड पचासी लाख त्रिचालिस हजार)** मध्ये पुजिगत तर्फ रू. ३१५६०८५००।- (एकतिस करोड छपन्न लाख आठ हजार पाँच सय) र चालु खर्च तर्फ रू. ५२२९३४५००।- (वाउन्न करोड उन्नतीस लाख चौतिस हजार पाँच सय) को रकम देहाय बमोजिम कार्यक्रम रहने गरि विनियोजन गरेको छु । उपर्युक्त अनुसारको बजेटलाई देहाय बमोजिम खर्च गर्ने गरि व्यवस्था मिलाएको छु ।

**तपसिल**

१) कार्यालय संचालन एंव प्रशासनिक खर्च तर्फः रू.८ करोड ९५ लाख ४३ हजार
२) कार्यालय संचालनका लागि पुजिगत खर्च तर्फः रू. ५५ लाख
३) ठेक्का सम्झौता भई विगत आ.व.को योजना अ.ल्या तर्फः रू. ८ करोड
४) विपत्त व्यवस्थापनका लागि खर्च रू. १ करोड
५) संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक र लागत सहभागिता शिर्षकका लागि रू. ४ करोड
उपर्युक्त शिर्षक बाहेक बचत भएको रू. २३ करोडको ७० प्रतिशत विषयगत क्षेत्रहरू र ३० प्रतिशत रकम वडा पालिका तर्फ विनियोजन गर्दा रू. १६ करोड १० लाख र ६ करोड ९० लाखलाई भुगोल र जनसंख्या र राजश्व संकलनको आधारमा कार्य संचालन हुने गरि बजेट विनियोजन गरेको छु ।
पालिका तर्फ विनियोजन भएको ७० प्रतिशतले हुने रकम रू.१६ करोड १० लाख बजेटलाई देहाय बमोजिम शिर्षकमा विनियोजन गरिको ले सोही बमोजिम कार्यक्रम संचालन हुने कुरा म यस गरिमामय सभामा जानकारी गराउँदछु ।

**विषयगत समिति/शाखाहरू**

क) आर्थिक विकास क्षेत्र तर्फ रू. ४,८३,००,०००(चार करोड त्रियासी लाख) लाई देहाय अनुसार विनियोजन गरिएको छ ।

| | |
|---|---|
| कृषि तर्फ | रू. १ करोड ८८ लाख ३७ हजार |
| उद्योग/लघुउद्यम तर्फ | रू. २४ लाख १५ हजार |
| सहकारी तर्फ | रू. २४ लाख १५ हजार |
| जलश्रोत तथा सिंचाई तर्फ | रू. ८२ लाख ११ हजार |
| भुमि व्यवस्थापन तर्फ | रू. १४ लाख ४९ हजार |
| पशु/पंक्षि विकास तर्फ | रू. ७२ लाख ४५ हजार |
| पर्यटन प्रर्वद्धन तर्फ | रू. ३८ लाख ६४ हजार |
| वित्तिय क्षेत्र | रू. ३८ लाख ६४ हजार |

ख) सामाजिक विकास क्षेत्र तर्फ रू. ५ करोड ६३ लाख ५० हजार लाई देहाय अनुसार विनियोजन गरिएको छ ।

| | |
|---|---|
| शिक्षा तर्फ | रू. ३ करोड २६ लाख ८३ हजार |
| स्वास्थ्य तर्फ | रू. १ करोड १८ लाख ३३ हजार ५ सय |
| खानेपानी तथा सरसफाई | रू. २८ लाख १७ हजार ५ सय |
| भाषा सांस्कृतिक र साहित्य संरक्षण | रू. १६ लाख ९० हजार ५ सय |
| महिला बालवालिका तथा जेष्ठ नागरिक | रू. २८ लाख १७ हजार ५ सय |
| युवा स्वरोजगार तथा खेलकुद तर्फ | रू. २८ लाख १७ हजार ५ सय |
| सामाजिक सुरक्षा संरक्षण | रू. ५ लाख ६३ हजार ५ सय |
| आर्युवेद एंव नागरिक आरोग्य तर्फ | रू. ११ लाख २७ हजार |

ग) पूर्वाधार विकास क्षेत्र रू. ४ करोड ५० लाख ८० हजार लाई देहाय अनुसार विनियोजन गरिएको छ ।

| | |
|---|---|
| यातायात पूर्वाधार | रू. ३ करोड १५ लाख ५६ हजार |
| भवन आवास तथा शहरी विकास | रू. ९० लाख १६ हजार |
| उर्जा | रू. ९ लाख १ हजार ६ सय |
| सम्पदा पूर्वाधार | रू. ९ लाख १ हजार ६ सय |
| पुननिर्माण तथा मर्मत | रू. २७ लाख ४ हजार आठ सय |

घ) सुशासन तथा अन्तर सम्बन्धीत क्षेत्र तर्फ रू. ९६ लाख ६० हजार लाई देहाय अनुसार विनियोजन गरिएको छ ।

| | |
|---|---|
| न्यायिक समिति | रू. २५ लाख |
| लक्षित वर्ग | रू. ३५ लाख |
| गरिबी निवारण तर्फ | रू. १५ लाख १० हजार |
| संचार प्रवर्द्धन | रू. १० लाख |
| श्रम तथा रोजगार | रू. १ लाख ५० हजार |
| राजश्व तथा वित्तीय सुशासन | रू. ५ लाख |
| सामाजिक जवाफदेहिता परिक्षण | रू. ५ लाख |

ङ) संस्थागत विकास तथा क्षमता विकास तर्फ रू. १६ लाख १० हजार

च) वडा तर्फ

| वडा | विनियोजन बजेट | कैफियत |
|---|---|---|
| वडा नं.१ | रू. ७२ लाख ६३ हजार ४ सय ४० | |
| वडा नं.२ | रू. १ करोड ८२ हजार २ सय ४१ | |
| वडा नं.३ | रू. ९२ लाख ४० हजार ७ सय १९ | |
| वडा नं.४ | रू. ८२ लाख ८४ हजार ४ सय २६ | |
| वडा नं.५ | रू. ८१ लाख ७७ हजार ५ सय ६ | |
| वडा नं.६ | रू. ७९ लाख २ हजार २ सय ५७ | |
| वडा नं. ७ | रू. ९२ लाख ३८ हजार ४ सय ३० | |
| वडा नं.८ | रू. ८८ लाख १० हजार ९ सय ८० | |
| **जम्मा** | **छ करोड नब्बे लाख** | |

सभा अध्यक्षज्यू,

अब म संघ र प्रदेश सरकारबाट खजुरा गाउँपालिकाका लागि प्राप्त हुन आएको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**संघिय सरकारबाट**

| सि.नं. | आयोजना/कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | सशर्त अनुदान अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रम | ३३,९५,००,००० (तेतिस करोड पन्चानब्बे लाख) | |
| २. | विषेश अनुदान पुजिगत तर्फका कार्यक्रमः | ८०,००,०००।- ( असी लाख) | |
| | खजुरा गाउँपालिका भित्र रहेका विपन्न नागरिकहरुलाई टिनको छाना लगाउने | | |
| ३. | समपुरक कार्यक्रम अन्तर्गत खजुरा बजारको नाली निर्माण | ७०,००,०००।- (सत्तरी लाख) | |

**प्रदेश सरकारबाट**

| सि.नं. | आयोजना/कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | शसर्त कार्यक्रम | | |
| | वडा नं.३ गुल्मीटोल ईश्वर श्रेष्ठको घर हुँदै लिफ्ट सिंचाई किरण नाला सम्म सडक स्तरउन्नती | ६०,००,०००।- (साठी लाख) | |
| | वडा नं.२ के गाउँ ८६ नं. चौक देख चन्द्रनगर विरपुर सडक खण्डको दाया बाया दुवैतर्फ नाली निर्माण | १०,००,०००।- (दश लाख) | |
| | वडा नं.२ गौघाट भारत सिमाना सम्मको क्षेत्र मानखोलामा तटबन्धन | १०,००,०००।- (दश लाख) | |
| २. | मुख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रम | ६०,००,०००।- (साठी लाख) | |
| ३. | समपुरक कार्यक्रमः | | |
| ३.१. | श्रृजनशिलटोल वडा नं.३ ढलनिकास | ३७,५०,०००।- (सैतिस लाख पचास हजार) | |
| ३.२ | मनकामना चौक देखि ठाकुरपुर जाने बाटो स्तरउन्नती वडा नं.८ | ३७,५०,०००।- (सैतिस लाख पचास हजार) | |
| ३.३ | एफ गाउँ जाने अधुरो बाटो स्तरउन्नती वडा नं.४ | ३७,५०,०००।- (सैतिस लाख पचास हजार) | |
| ३.४ | खजुरा गाउँपालिका भित्र हाइमाष्ट विद्युत जडान | ३७,५०,०००।- (सैतिस लाख पचास हजार) | |

यस सभाका अध्यक्ष महोदय

बजेट प्रस्तुत गरिरहदा सिमित श्रोतसाधनबाट बजेट तयार गर्दा सबैको चाहाना र आवश्यकता अनुसार एकैचोटी बजेटमा सम्बोधन गर्न सकिने अवस्था रहदैन । प्राथमिकता र आवश्यकताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश्चिततालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरिएको छ । नागरिकहरूको आवश्यकता र चाहानाहरूलाई हामी क्रमिकरूपमा पुरा गर्दै जाने प्रण गर्दछौ । यसका लागि सबैसंग सकारात्मकरूपमा सहयोगको अपेक्षा लिएको छु ।

बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने सबै हार्दिक आभार प्रकट गर्दछु । विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्राथमिकतामा ब्यापक छलफल गरी राजनीतिक दलका नेताहरू कार्यपालिकाका सदस्यहरू, विषयगत समितिका संयोजकहरू, विज्ञ, गाउँपालिकाका कर्मचारीहरूले दिनु भएको सुझावहरूलाई समेटेर बजेटनिर्माण गर्न सहयोग पुराउने राष्ट्रसेवक कर्मचारीहरू प्रति अभारी छु । त्यस्तै बजेट तर्जुमा गर्दा सुझाव दिनुहुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, र सम्पूर्ण खजुरा वासी दिदीबहिनी दाजुभाईहरूमा हार्दिक धन्यवाद ब्यक्त गर्दै यो बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

धन्यवाद

मञ्जु मल्ल

उपाध्यक्ष /बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक

मिति २०७८।३।१० गते